# लेखापरीक्षण प्रतिवेदन

## दँगीशरणा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## दँगीशरणा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/652

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
दँगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दाङ।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससंग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ९८ लाख ३९ हजार, शिक्षा तथा मानव स्रोत विकास केन्दको रु.२७ लाख २३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५९ लाख ६३ हजार र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.३ लाख ९२ हजार समेत गरी रु.९ करोड ८९ लाख १७ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.९१ करोड ७४ लाख ३० हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ४७ लाख ४१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.११ हजारको प्रतिक्रिया उपर कारबाही भई प्रतिक्रियाबाट थप ३ हजार समेत बाँकी बेरुजु १ करोड ४७ लाख ३३ हजार मध्ये असुल गर्नुपर्ने रू.२२ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६४ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.५९ लाख ९९ हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ५३ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु. ४७ लाख १७ हजार फर्स्यौट गरी सम्परीक्षणबाट कायम रु. ९३ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ५४ लाख ५७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु.१४ करोड १३ लाख ५५ हजार, समपुरक अनुदान रू.२७ लाख ८४ हजार र विशेष अनुदान रू.४७ लाख ६३ हजार समेत १४ करोड ८९ लाख २ हजार प्राप्त भएकोमा वर्षान्तमा खर्च हुन नसकि रु. २६ लाख ३४ हजार बचत रहेकोमा उक्त रकम आ.ब.२०८१।८२ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ।

.लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने दँगीशरण गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | २३८ | १,४७,४१,१३५ | ० | २ | १०,५५० | २,५५० | ५१ | २३६ | १,४७,३३,१३५ | २२,९६,५४७ | ५९,९९,२८८ | ६४,३७,३०० | ० | ० | १,२४,३६,५८८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | ९,५३,४८,००० | ० | ४७,१७,९४३ | ९,०६,३०,०५७ | ९३,९८९ | १,४७,३३,१३५ | १०,५४,५७,१८१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४१.२ | स्वास्थ सम्वन्धि | ७,१५० |
| २ | २०७९/८० | २४ | वैवाङ रामपुर सडक कालोपत्रे | ५,८३,००० |
| ३ | २०७९/८० | २५ | वडा कार्यालय भवन निर्माण | ५,९८,००० |
| ४ | २०७९/८० | ४८ | मेसिनको प्रयोग | १,७५,००० |
| ५ | २०७९/८० | ४१ | बढि निकासा | २२,०९५ |
| ६ | २०७९/८० | ५० | गैह्रसरकारी संस्था मार्फत कार्य | ३,१०,००० |
| ७ | २०७९/८० | २९ | उपयोग | १,९९,९८५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | २३ | १५ वेडको अस्पताल निर्माण कार्य | १७,५१,००० |
| ९ | २०७७/७८ | २४ | संगठन तथा कर्मचारी व्यवस्थापन | ५,००,००० |
| १० | २०७७/७८ | २७ | बैठक भत्ता | २७,२०० |
| ११ | २०७७/७८ | २६ | पदाधिकारी सुविधा | २४,४०० |
| १२ | २०७७/७८ | ५० | निःशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम | ७२,२२९ |
| १३ | २०७७/७८ | ५१ | दंगीशरण कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम | ३,००,०३४ |
| १४ | २०७७/७८ | ३१ | आय ठेक्का व्यवस्थापन, आलिया ईन्टरप्राइजेः | १,५५,००० |
| १५ | २०८०/८१ | २० | दोहोरो सुविधा | ३,४०० |
| जम्मा | | | | ४७,२८,४९३ |

**लेखापरीक्षण बक्यौता नरहेको**

# (८०५५६५०२३०० - दँगीशरणा गाउँपालिका, दाङ )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७ वडा ११०.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार ६ सय ६८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।७।२९ देखि २०८१ ।८।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. , राजस्वतर्फ रु. , धरौटीतर्फ रु. , अन्य कारोबारतर्फ रु., आय –व्ययतर्फ जम्मा रु. ९१ करोड ७४ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | ७,९६,१२,८२२.७४ | ० | ७,९६,१२,८२२.७४ | ७,४२,१६,८१५.१३ |
| १३००० | अनुदान | | २६,४७,५८,७८७.७० | ० | २६,४७,५८,७८७.७० | ३१,०७,४१,९००.५० |
| १४००० | अन्य राजस्व | | ९१,६७,३१६.६३ | ० | ९१,६७,३१६.६३ | १,१६,३५,८०६.०० |
| क | कुल जम्मा प्राप्ति | | ३५,३५,३८,९२७.०७ | | ३५,३५,३८,९२७.०७ | ३९,६५,९४,५२१.६३ |
| ३ | चालु | | २३,७७,३१,६९९.३२ | ० | २३,७७,३१,६९९.३२ | २६,०५,४१,०३०.३४ |
| २१००० | पारिश्रमिक / सुविधा | | ११,५३,९९,५२५.५८ | ० | ११,५३,९९,५२५.५८ | १३,२५,९५,७५२.३४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,६५,३९,८०२.७४ | ० | ६,६५,३९,८०२.७४ | ९,०३,२९,७७१.०० |
| २५००० | सहायता (Subsidy) | | ५,४०,८१,३७१.०० | ० | ५,४०,८१,३७१.०० | ३,१९,५०,५७९.०० |
| २७००० | सामाजिक सुरक्षा | | ० | ० | ० | ४४,४८,३६९.०० |
| २८००० | अन्य खर्च | | १७,११,०००.०० | ० | १७,११,०००.०० | १२,१६,५५९.०० |
| ४ | पूंजीगत | | १२,९०,६७,३९४.०० | ० | १२,९०,६७,३९४.०० | १८,१२,१५,६९८.०० |
| ३१११० | भवन तथा संरचना | | ३,३९,०२,५३७.०० | ० | ३,३९,०२,५३७.०० | ४,०२,६९,७८९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५५,५६,१३९.०० | ० | ५५,५६,१३९.०० | ८०,७५,३५८.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,९६,०८,७१८.०० | ० | ८,९६,०८,७१८.०० | १३,२८,७०,५५१.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३६,६७,९९,०९३.३२ | | ३६,६७,९९,०९३.३२ | ४४,१७,५६,७२८.३४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (१,३२,६०,१६६.२५) | | (१,३२,६०,१६६.२५) | (४,५१,६२,२०६.७१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (१२,५६,१३८.३७) | | (१२,५६,१३८.३७) | १७,०६,८९०.२४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (१,४५,१६,३०४.६२) | | (१,४५,१६,३०४.६२) | (४,३४,५५,३१६.४७) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,८२,२०,६२४.७६ | | ४,८२,२०,६२४.७६ | ९,१६,७५,९४१.२३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य | | | | | |

|  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|
|  | समायोजन |  |  |  |  |  |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) |  | ३,३७,०४,३२०.१४ |  | ३,३७,०४,३२०.१४ | ४,८२,२०,६२४.७६ |

सङ्घीय सरकार र प्रदेश सरकार तर्फको IPFMS मार्फत आम्दानी र खर्चको आयव्यय विवरण निम्नानुसार रहेको छ।

| सि.नं. | आय | व्यय |
|---|---|---|
| गरिवसंग विश्वेश्वर कार्यक्रम | ३९२८१७ | ३९२८१७ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५९६२६४६ | ५९६२६४६ |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्र | २७२२८२८ | २७२२८२८ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ८९८३९४९१ | ८९८३९४९१ |
| जम्मा | ९८९१७७८२ | ९८९१७७८२ |

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८९८३९४९१।- , गरिवसंग विश्वेश्वर कार्यक्रमको रु. ३९२८१७।- , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ५९६२६४६।,र शिक्षा तथा मानव स्रोत विकास केन्द्र २७२२८२८।- समेत गरी रु. ९८९१७७८२।- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

२.३ बैङ्क हिसाव विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन र मनिम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १५४६५६०२.३५ | २५४८८१९.२१ | १२९१६७८३.१४ |
| चालु खर्च खाता | २,०९,४७९.७६ | ६६०२०२६.३८ | ६३९२५४६.६२ |
| पुँजीगत खर्च खाता | ० | ७०५७९२२.७६ | ७०५७९२२.७६ |
| विविध खर्च खाता | १,८८,५९२.३२ | ० | १,८८,५९२.३२ |
| विविध कोष खाता | २२,०१,०८३.०० | ४२९९६७५.३२ | २०९८५९२.३२ |
| विपद व्यवस्थापन खाता | ४०,८१,४३३.० | ४०८१४३३ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी मौज्दात | १,१३,५१,७६५.६७ | ११३५१७६५.६७ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क मौज्दात | ३३४९७९५६.१० | ३५९४१६४२.३४ | २४४३६८६.२४ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

२.४ सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २,०९,४७९.७६ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम**

३.१ योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २१७ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २१७ | १६ | १९ | १८२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१७ योजनामात्र कार्यान्वयन भई १६ योजना कार्यान्वियन हुन नसकी शुन्य प्रगति देखिएको छ। । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु कार्यान्वियन गर्नुपर्दछ।

३.२ त्रैमासिक खर्चः कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा खर्च नभएको र दोस्रो त्रेमासिकमा ४.२४ प्रतिशत, तेस्रो त्रैमासिकमा ११.७६ प्रतिशत तथा चौथो त्रैमासिकमा ५८.७९ प्रतिशत खर्च गरेको देखिन्छ। कुल खर्चको तुलनामा आषाढ महिनामा ३९.७० प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

( रकम रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२९०६७ | ० | ७३२६ | २०३०३ | १०१४३७ | ६८४९७ |
| प्रतिशत | ७४.६० | | ४.२४ | ११.७६ | ५८.७९ | ३९.७० |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५८.७९ प्रतिशत तथा आषाण महिनामा ३९.७० प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो।

३.३ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत कूल खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४६२९०००० | ३७८१०७४६ | १०.३० |
| २ | पूर्वाधार विकास | ११३७४३००० | ७८९३७४३७ | २१.५३ |
| ३ | सामाजिक विकास | १९२९६८००० | १७२८८१३७८ | ४७.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९८५४००० | ५४५०९७७ | १.४९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८४९५०२२७ | ७१७१८५५४ | १९.५५ |
| **जम्मा** | | **४४७८०५२२७** | **३६६७९९०९३** | **१००** |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८१.९१ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.१३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा घटी १.४९ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

३.४ योजना तथा वजेट कार्यान्वियन - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेतापनि खाँका अनुसार बजेट तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष सभाबाट स्वीकृत भएका ७८ योजना तथा कार्यक्रकमको रु २ करोड ४१ लाख बजेट घटाइ बजेट निर्माणको बेला छनौट प्रकृयामा नपरेका थप ९१ वटा योजना तथा कार्यक्रममा पुरै रकम रकमान्तर गरेको देखियो। सभाबाट पुर्वाधारका योजना छनौट गरेकोमा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वियन हुन नसक्नाको आधार र कारण उल्लेख गरेको देखिएन। रकमान्तर रकम कुल वजेट बिनियोजन रु ४४ करोड ११ लाखको तुलनामा ५.४६ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार १० योजनामा रु. १४ लाख १ हजार ।- खर्च गरेको देखिएन। खर्च नहुने नया योजनामा बजेट रकमान्तर गर्नु उचित देखिएन।

| सि.नं. | योजना /कार्यक्रम | खर्च नभएको वजेट |
|---|---|---|
| १ | अत्यावश्यक भ्याक्सिन तथा औषधी खरिद | ३००००० |
| २ | कृषि मेला प्रदर्शनी सञ्चालन कार्यक्रम | ५०००० |
| ३ | अपांग भएका व्यक्तिहरुका लागि घुम्ती कोष सञ्चालन | ४००००० |
| ४ | खोप तथा क्लिनिक सेवा सञ्चालनका लागि यातायात खर्च | १०००० |
| ५ | मानव सेवा आश्रमलाई अनुदान | ४००००० |
| ६ | छर्कट्टा चौधरी टोलमा ईनार निर्माण योजना | ५०००० |
| ७ | बागर प्रहरी विल मर्मत | २१००० |
| ८ | पश्चिम बाँकी खड्का टोलमा इनार निर्माण योजना | २०००० |
| ९ | डबरागाउँ खानेपानी जरुवा संरक्षण योजना | ५०००० |
| १० | रचपल विद्युत पोल तार विस्तार योजना | १००००० |
| जम्मा | | १४०१००० |

३.५ लक्ष्य प्रगति : पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नु पर्दछ । पालिकाले शुन्य प्रगतिको कारण खुलाएको छैन। छनौट भएका योजना तथा कार्यक्रम कार्यान्वयन गरी प्रगति तयार गर्नुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | २६९ | १६ | १ | ८ | ११ | २३३ |

## ४ दरवन्दी पदपूर्ती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ४० जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत पद समेत रिक्त रहेको देखिन्छ।रिक्त रहेको पदमा पदपूर्तिका लागि लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## ५ कानुनको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस

पालिकाले हालसम्म ३३ वटा ऐन, ५ वटा नियमावली, ५० कार्यविधि, १ वटा निर्देशिका र ५ वटा मापदण्ड सहित ९४ वटा कानुन निर्माण गरेको छ।

६ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २८ वटा रहेको,यो वर्ष थप १३ विवाद दर्ता भएकोमा ३१ वटा फस्यौंट भई १० वटा बाँकी रहेको देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७ **सेवा प्रवाह**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।सेवाप्रवाह र कार्यसम्पादनको सुचक विना सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन। पालिकाको वार्षिक भौतिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्य सम्पादन हुनुपर्दछ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ३५ | ३५ |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ५३२ | ५३२ |
| मृत्युदर्ता | १५२ | १५२ |
| बसाईसराई दर्ता | १०५ | १०५ |
| विवाह दर्ता | २२० | २२० |
| सम्बन्धविच्छेद दर्ता | २७ | २७ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | १.६ | १. ६० कि . मि . |
| कालोपत्रे सडक मर्मत | ३किमि | ३ कि. मि . |
| ग्राभेल सडक निर्माण | ११ किमि | ११ किमि |
| ग्राभेल सडक मर्मत | ४ किमि | ४किमि |

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ११ लाख १९ हजार खर्च लेखेकोमा भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ८ लाख ७८ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

तलवी प्रतिवेदन - लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २५ कर्मचारीको रु.२ करोड २८ लाख ८८ हजार र पालिकाका चालुतर्फ ४२ कर्मचारीहरु मध्ये २४ जना कर्मचारीको रु १ करोड १५ लाख गरी रु.३ करोड ४३ लाख ८८ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्धड वनउनु पर्ने देखिन्छ ।

## ९ सहायता,महोत्सव र अन्य खर्च

९.१ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्थालाई मागको आधारमा र विमारी,गरिबी जस्ता व्यक्तिहरुलाई तोक आदेशबाट यस वर्ष रु. ७ लाख ७३ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

९.२ **संस्थागत नगद अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२८०५५० देहायको संस्थाहरुलाई अनुदान दिएको छ । संस्थागत नगद अनुदान दिने कार्यमा कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गोभौन | भुक्तानी पाउने को नाम | रकम |
|---|---|---|
| १६५ | नेपाल ज्योतिष परिषद दाङ | २५००० |
| १६९ | नेपाल निजामती कर्मचारी संगठन | ९८५० |
| ४३९ | मम नेपाल मिडिया प्रा.लि. | ५००० |
| ४२१ | नेपाल निजामती कर्मचारी युनियन | १४७०० |
| ५७८ | नेपाल विद्यार्थि संघ जिल्ला कार्य समिति दाङ | १०००० |
| ६५७ | नेपाल निवृत्त शिक्षक समाज | १०००० |
| ६९७ | श्रीमणी आचार्य सालिक निर्माण उ स | ३१००० |
| ७१७ | दाङ जिल्ला उद्योग वाणिज्य संघ | १५००० |
| ७१७ | नेपाल पत्रकार महासंघ दाङ शाखा | १५००० |
| ७१७ | प्रेस चौतारी नेपाल दाङ शाखा | ५००० |
| ७१७ | रेडियो प्रसार सेवा विकास समिति | २०००० |
| ७१७ | हिरा डाँगी फाउन्डेशन | १०००० |
| ९०५ | नेपाल स्वास्थ्य कर्मी संघ | १०००० |
| ३३४ | खुमवहादुर खड्क स्मृति समाज | १००००० |
| | जम्मा | २८०५५० |

९.३ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १९४५३९२ खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण हुनु पर्दछ ।

| भौ न | कार्यक्रम | रकम |
|---|---|---|
| २२० | पालिका स्तरीय माघी महत्सव कार्यक्रम | ४११०१९ |
| ३९ | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम वडा १ | ५०००० |
| ५१ | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम ३ | ५०००० |
| ५८ | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम २ | ५०००० |
| १११ | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम ६ | ४९५२५ |
| १८० | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम ७ | ५०००० |
| २१५ | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम वडा ४ | ५०००० |
| २९६ | वडा तथा पालिकास्तरिय तीज बिशेष कार्यक्रम वडा ५ | ५०००० |
| ३८३ | युवाका लागि खेलकुद सामाग्री वितरण कार्यक्रम वडा १ | ९९५८० |
| ४१० | युवाका लागि खेलकुद सामाग्री वितरण वडा २ | ४९७७६ |
| ४१० | युवाका लागि खेलकुद सामाग्री वितरण वडा ३ | ९९९५६ |
| ३७३ | खेलकुद सामाग्री वितरण कार्यक्रम वडा ४ | ६८९०० |
| ५९४ | खेलकुद सामाग्री वितरण कार्यक्रम वडा ४ | ११९०० |
| ३५१ | खेलकुद सामाग्री वितरण कार्यक्रम वडा ५ | ४९७५० |
| ७३६ | खेलकुद सामग्री वितरण तथा युवा लक्षित कार्यक्रम वडा ६ | ६०००० |
| ७६६ | मनोरञ्जन सामग्री खरिद तथा व्यव्थापन वडा ७ | २४७०० |
| ७५१ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम वडा ६ | ८६१६५ |
| ७८२ | जेष्ट नागरिक सम्मान कार्यक्रम वडा ५ | १००००० |
| ४४४ | ज्येष्ठ नागरिकलाई तीर्थ यात्रा कार्यक्रम वडा ३ | १००००० |
| ७५० | उपभोक्ता समितिहरुलाई स्टेशनरी वितरण वडा ३ | २४९२५ |
| १७१ | भुह्यार थान पुजा व्यवस्थापन वडा ७ | ६९९९६ |
| ६४१ | भुह्यारथान पूजा व्यवस्थापन खर्च वडा ६ | ६०००० |
| ६७५ | भुह्यार थान पूजाका लागि व्यवस्थापन खर्च वडा ४ | ६०००० |
| २२८ | भुह्यार थान पुजा खर्च वडा ३ | ८०००० |
| ६४० | सरुवाडाँडा र मधपुर भुह्यारथान पूजा व्यवस्थापन वडा २ | ५०००० |
| ३८५ | भुह्यार थान पूजा व्यवस्थापन खर्च वडा १ | ६०००० |
| ३५३ | सिद्बबाबा पूजा व्यवस्थापन कार्यक्रम वडा १ | १५००० |
| ३५२ | शिव मन्दिर पूजा व्यवस्थापन कार्यक्रम वडा १ | १५००० |
|  | जम्मा | १९४५३९२ |

## १०	आय अनुमान र असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

| क.स | राजश्व आय शिर्षक | आ. व . २०७९।८० को खुद आम्दानी | आ. ब . २०८०।८१ अनुमान | आ. व . २०८०।८१ खुद आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|---|
| १ | एकिकृत सम्पत्ति कर | ० | १००००० | २१३१ | २ |
| २ | भुमिकर/ मालपोत | २०७३३९० | २०००००० | २००६८०८ | १०० |
| ३ | वहाल कर | २०६८७० | २००००० | ७७२३३३ | ३८६ |
| ४ | वहाल विटौरी कर | ० | १००० | ० | ० |
| ५ | साना सवारी कर | ० | १०० | ५७०० | ५७०० |
| ६ | अन्य मनोरञ्जन कर | ० | ० | १७६००१ | ० |
| ७ | कृषि तथआ पशुजन्य वस्तुको व्यापारिक कारोवारमा लाग्ने कर | ० | ० | २१०० | ० |
| ८ | अखेटोपहारमा लाग्ने कर | ० | १०० | ० | ० |
| ९ | अन्य कर | ० | ३२८७०० | ३७४५० | ११ |
| १० | पर्यटन शुल्क | ३२२५७७ | २४०००० | २८५१५१ | ११९ |
| ११ | अन्य विक्रिवाट प्राप्त रकम | ० | ० | ७७०० | ० |
| १२ | निजि धारा वापतको शुल्क | ० | ० | १००० | ० |
| १३ | विद्युत सेवा शुल्क | ० | ० | ३७१०० | ० |
| १४ | अन्य सेवा सुल्क तथा विक्रि | ० | ० | २८९०२० | ० |
| १५ | न्यायिक दस्तूर | ० | ० | ३४०० | ० |
| १६ | परिक्षा शुल्क | ० | ० | ७०० | ० |
| १७ | अन्य प्रशासीक सेवा शुल्क | ० | ० | ६९२०० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | पार्किङ्ग शुल्क | ० | १०० | ० | ० |
| १९ | नक्सापास दस्तुर | २००००० | १२०००० | ५२९९५ | ४४ |
| २० | सिफारिस दस्तुर | ३९५१३७६ | ४४००००० | ३३०३६४८ | ७५ |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | २९७१०० | ० |
| २२ | नाता प्रमाणित दस्तुर | ० | ० | १९२४२५ | ० |
| २३ | अन्य दस्तुर | ० | ० | १२११९७६ | ० |
| २४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ११६०० | ० |
| २५ | विद्युत सम्वन्धि दस्तुर | ० | ० | ३३५०० | ० |
| २६ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | २०००० | ० |
| २७ | प्रशासनीक दण्ड जरिवाना र जफत | ० | ३००००० | १८०००० | ६० |
| २८ | अन्य राजश्व | ० | ० | १०२३५८ | ० |
| २९ | व्यवसाय कर | ९३७२४ | २००००० | १७०३५० | ८५ |
| | जम्मा आम्दानी | ६८४७९३७ | ७८९०००० | ९२७१७४६ | ११८ |

## ११ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## १२ अवकाश कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यस बर्ष पालिकाबाट कर्मचारी कल्याण कोषका लागी रु ५ लाख बिनियोजन गरी कोषमा टान्सफर गरेको छ। स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत

प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरेको देखिएन। पालिकाले कर्मचारी कल्याण कोष सम्वन्धि ऐन निर्माण गरी तोकिए बमोजिम कट्टा गरी कोषको सञ्चालन गर्नुपर्दछ।

१३ **सामग्री हस्तान्तरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ। गाउँपालिकाले आवश्यकता भन्दा वढी जिन्सी सामग्री खरिद गरी एउटै कर्मचारीलाई आवश्यकता भन्दा वढी हुने गरी तपसिल अनुसार एक भन्दा वढी जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ। एक भन्दा वढी सामग्री लिएका कर्मचारीबाट उक्त सामग्री फिर्ता लिनुपर्दछ।पालिकाले निम्नानुसार २ वटा ल्यापटप दिएको प्रमोद आचार्यको १ वटा फिर्ता गर्नुपर्ने तथा करार समाप्त भएका कानुनी सल्लाहकारको नामको ल्यापटप फिर्ता वा ल्यापटप बराबरको रकम रु ५३०९७ असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम | जिन्सी सामग्री | सामग्रीको विवरण |
|---|---|---|
| प्रमोद आचार्य | ल्याप्टप | Dell i5/D67/3/2074/075 and Dell Ryzen 7 Touch/D7 2ka/2076/077 ( दुई थान ) दोहोरो रहेको रकम रु ५३०९७ र रु९८७०० रकमको दुई बुझेको देखिएको |
| भिमकान्त भट्टराई | ल्याप्टप | Dell i5-1035G4 intel core with charger मूल्य रु ५३०९७ ( कानुनी सल्लहाकार २०७९।१०।२९ गते बुझेको सहायक खातामा देखिएको र आ . व . २०८०।८१ को कार्त्तिक महिनासम्म पालिकामा रहेको ) करार समाप्त भएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,१९४ |

१४ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय विष्लेषण गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा टेक्टर र एम्बुलेन्स सञ्चालन गरेको पाइयो। यसरी सञ्चालन हुँदा प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस बर्ष टेक्टर सन्चालनको लगबुक ब्यबस्थित नगरेको , टेक्टरबाट भएको कामको मुल्यांकन गरेको देखिएन। एम्बुलेन्स चालकलाइ आम्दानीको १० प्रतिशत बापत रु २३३१२० भत्ता भुक्तानी गरेकोमा एम्बुलेन्सबाट कति आम्दानी भयो सोको ब्यबस्थित अभिलेख राखेको देखिएन। जसबाट बास्तबिक आय एकिन गर्न सकिएन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

१५ **सहकारी संस्थाहरुको अनुगमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन।तसर्थ ऐन,नियमाली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१६ **इन्धन कुपन**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन खर्चमा यस वर्ष रु २३ लाख ६५ हजार खर्च लेखेको छ।पालिकाले निजि सवारी साधनलाइ समेत कर्मचारीको तह अनुसार मासिक ७ देखि १० लिटर

सम्म कार्यपालिकाको निर्णयले इन्धन कुपन दिएको जनाएको छ। सवारी साधन अनुसारको लगबुक र इन्धन खर्च खपतको अभिलेख पेश नभएकोले उक्त खर्च एकिन गर्न सकिएन।

१७ **खर्चलाई नियन्त्रण**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले खर्चबृद्धिको कारण खुलाएको छैन ।यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १३०२८०२६ | १४५६५७८७ | नखुलाएको |
| २ | वैंठक भत्ता | ८४२४७० | १३४८८०४ | |
| ३ | जलपान | ७७२९६९ | ८७८२५६ | |
| ४ | इन्धन | १९९९४०१ | २३६५०९७ | |
| ५ | मसलन्द | १३०८१५६ | १७३३२२३ | |
| ६ | सवारी मर्मत | १११६१६० | १२९०८६२ | |
| | जम्मा | १९०६७१८२ | २२१८२०२९ | |

१८ **सफ्टवेयर खरिद र परिचालनः-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर योजना सञ्चालन(BAMS) सफ्टवेयर आर्थिक वर्ष २०७७।७८ खरिद गरी रु. ४४८२३३ भुक्तानी गरेको छ। ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधार यो वर्ष रु ६७२३५ समेत हाल सम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा रु १३४४७० खर्च गरेको र चालु अबस्थामा रेहेको देखियो।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

१९ **आन्तरिक लेखापरिक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ८५ बमोजिम आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा सम्बन्धमा त्रैमासिक प्रतिबेदनको हकमा अर्को त्रैमासिक भित्र तथा बार्षिक प्रतिबेदनको हकमा अन्तिम लेखापरिषण हुनु अगाबै आबश्यक प्रमाण संलग्न गरी फछ्यौट गराइ कायम भएको बेरुजु र फछ्यौट हुन बाकी रहेको बेरुजुको बिबरण अन्तिम लेखापरीक्षक समक्ष पेश गर्ने व्यवस्था छ।पालिकाले आन्तरिक लेखापरीक्षणबाट औल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अवधीसम्म पनि फर्छौट भएको देखिएन।

२० **दोहोरो सुविधा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२१ **मर्मत सम्भार खर्च**

गाउँपालिका सवारी साधन तथा ईन्धन सुविधा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८० को दफा १० मा दुई पाङ्ग्रे सवारी साधनको मर्मतको लागि वार्षिक अधिकतम रु 10000 र चार पाङ्ग्रेको अधिकतम रु ५0000 सम्म प्रमुख प्रशासकिय अधिकृतको स्विकृतीमा र सो भन्दा माथि अध्यक्षको स्विकृतीमा मर्मत गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले कार्यालयका मो.स र चार पाङ्ग्रे गाडिमा तोकेको

रकम भन्दा निम्नानुसार बढी खर्चमा अध्यक्षको स्वीकृति वेगर मर्मत गराएको छ।गाउँपालिकाले आन्तरिक नियन्त्रणको कार्यबिधि स्वीकृत गरी मर्मतको अधिक्तम खर्चको सिमा तोकेतापनि मर्मत कार्य सार्बवजनिक खरिद ऐन र नियमावली अनुसार मर्मत आदेश तथा लागत अनुमान स्वीकृत गराइ फर्मको नाममा भुक्तानी गर्नु पर्दछ।

| क्र.सं | मो स नं | रकम |
|---|---|---|
| १ | रा १ व ७२४ | २११५० |
| २ | रा १ व ६२७ | १४९८० |
| ३ | रा १ व १२४३ | ११९०० |
| ४ | रा १ व १३६५ | १४००० |
| ५ | रा १ व ३७९ | १७२०० |
| ६ | रा १ व ७२१ | १९८४० |
| ७ | रा १ व ७३१ | १०१९० |
| ८ | रा १ व १२९५ | १२१५० |
| ९ | रा १ व ७२२ | १८२५० |
| १० | रा १ व १२४२ | १२८५० |
| ११ | प्र-३-0१-00२ झ ५४६५ | ८३३७८ |
| १२ | प्र-३-0१-00२ झ ५४६५ | ९९४९९ |
| जम्मा | | १३१३६० |

## २२ निर्मित संरचनाको उपयोग

पालिकाले प्रदेश सरकारवाट हस्तान्तरीत कृषि उपज संकलन केन्द्र निर्माणमा श्रमदान वाहेक रु १९३६५५६ खर्च गरेको र लेखा परीक्षण अवधि सम्म संकलन केन्द्रको उपयोग भएको नदेखिएकोले निर्मित संरचनाको उपयोग गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। लेखापरीक्षण अवधि सम्म संरचनाको अबस्था चित्रमा चित्रण गरिएको छ।



## २३ आय ब्यबस्थापन

२३.१ नदिजन्य पदार्थको आय ठेक्का: स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ६२( क) (संशोधन सहित)अनुसार स्थानिय तहको क्षेत्राधिकार भित्र पर्ने नदिहरुको स्वीकृत घाटबाट निर्धारित मापदन्ड बमोजिम नदिजन्य पदार्थ ढुङ्गा ,गिटि , बालुवा, ग्राभेल आदि उत्खनन गरी बिक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्न मिति २०८०।९।२५ मा प्रथम पटक १३ स्थानमा ठेक्का नम्बर १० देखि २२ सम्म कायम गरी सुचना प्रकाशन गरी बिद्युतिय माध्यमबाट आन्तरिक आयको ठेक्का आब्हान गरेकोमा ठेक्का नम्बर १३- पातुखोला र बबइ दोभान घाटमा मात्र बोलपत्र परेको कारण पालिकाले दोस्रो पटक मिति २०८०।१०।२३ मा ३ स्थानको दरभाउपत्र र ९ स्थानको बिद्युतिय माध्यमबाट बोलपत्र आब्हान गरेकोमा ३ स्थानको दरभाउपत्र मात्र परी ९ स्थानको आय ठेक्कामा बिद्युतिय माध्यमबाट कुनैपनि बोलपत्र परेको देखिएन। बोलपत्र नपरेको स्थानमा पालिकाले पुन बोलपत्र आब्हान गरी ठेक्का ब्यबस्था वा अमानतबट संकलन गरी नदिजन्य पदार्थ बिक्री बितरण गरेको देखिएन। ठेक्का ब्यबस्था नभइ बाताबरणिय परिक्षण प्रतिबेदनबाट तोकेका निम्नानुसारका स्थानमा डिपोजिट हुने नदिजन्य पदार्थ उत्खनन गरी बिक्री बितरण गर्नसक्ने परिमाण बिक्री नहुदा यस बर्ष स्थानिय तहको प्रदेश कानुनले तोकेको दरले हुने आन्तरिक आय असुलिमा न्युनतम रु २०३२१६१८ असर परेको देखिन्छ। आन्तरिक आय बृद्धि तर्फ निकायको ध्यान जानुपर्दछ।

| डिपोजिट क्षेत्र | उत्खनन गर्न सक्ने परिमाण घनफिट | न्युनतम दर | न्युनतम रोयल्टी |
|---|---|---|---|
| कुइरीगनार क्षेत्र | २३५४९४ | ८ | २१२८८६५ |
| बारबदिया क्षेत्र (१) | ८३३६६ | ८ | ७५३६२८ |
| बारबदिया क्षेत्र (२) | १०६६८६ | ८ | ९६४४४१ |
| बबइ र चिराघाटको दोभान (१) | ८३३६६ | ८ | ७५३६२८ |
| बबइ र चिराघाटको दोभान (२) | ७३०२९६ | ८ | ६६०१८७६ |
| सिमठाना बबइघाट (१) क्षेत्र | १४४०८३ | ८ | १३०२५१० |
| सिमठाना बबइघाट (२) क्षेत्र | ५३२५८६ | ८ | ४८१४५७७ |
| थपगाँउ क्षेत्र | २४८७२४ | ८ | २२४८४६५ |
| माया दोभान क्षेत्र (१) | ८३३६६ | ८ | ७५३६२८ |
| जम्मा | | | २०३२१६१८ |

२३.२ आर्थिक कायविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ५८ मा तोकिएको ढाँचामा राजश्व असुलीको लेखा राख्नुपर्ने ब्यबस्था छ। आर्थिक कायविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा आफ्नो जिम्मामा रहेको नगद सोहि दिन वा त्यसको भोलिपल्ट यथा स्थानमा दाखिला नगरी १० दिन सम्म ढिला गरेमा १० प्रतिशत का दरले जरिवाना समेत लगाइ असुलउपर गर्नुपर्ने ब्यबस्था छ। ।गाउँपालिकाको राजश्व शाखा एउटा र सात वटा वडाहरु गरी आठ ठाउँबाट राजश्व असुल गरी लेखा राखेकोमा म.ले.प फा.न १०२ र बैंक दाखिला भौचर मा देखाएको रकम फरक परेको देखियो। यस सम्बन्धमा पालिकाले नगद असुल गर्न इजाजत दिएका कर्मचारीले नगद असुल गर्दा भुलबस असुली घटिबढि भइ रद्द भएको रसिदको रकम समेत म.ले.प फा.नं १०२ मा देखिएको जवाफ दिएको छ । वडा तथा पालिकाबाट रद्ध भएका रसिदको अर्धकट्टी पेश भएको छैन।रद्ध भएका रसिदको आम्दानी जिम्मेवार पदाधिकारीबाट कारण जनाइ प्रमाणित गरेको प्रमाण बेगर घटि दाखिला रकम पुष्टी नहुने हुदा पालिकाबाट एकिन गरी घटी दाखिला रकम वार्षिक दश प्रतिशत जरिवाना सहित सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु

| क्र.सं | राजश्व उठाएकोस्थान | म.ले.प. १०२अनुसारको रकम | बैंक दाखिला भौचरअनुसारको रकम | घटि रकम |
|---|---|---|---|---|
| १ | दंगीशरण गा.पा राजश्व शाखा | २०२७२६०.३२ | १८९९५६४.८२ | १२७६९५.५० |
| २ | वडा नं १ | ५०००२४.८९ | ४९९८५४ | १६९.५४ |
| ३ | वडा नं २ | ६२८६७०.१७ | ६२७८०३.१७ | १०७८.०० |
| ४ | वडा नं ३ | १११०५०९.३० | ११०१८०३.९० | ८७०५.४० |
| ५ | वडा नं ४ | ९०९१६९.४६ | ८८६४७१.२१ | २२६९८.२५ |
| ६ | वडा नं ५ | ८३४१८२.६७ | ८२७३७६.२७ | ६८०६.४० |
| ७ | वडा नं ६ | १३४१४५९.९५ | १३१८०००.१० | २३४५९.८५ |
| ८ | वडा नं ७ | १०६४८८४.२९ | १०४९१३३.१९ | १५७५१.१० |
| ९ | | जम्मा | | २,०६,३६४.०४ |

| असुल गर्नुपर्ने | २,०६,३६४.०४ |
|---|---|

२३.३ नदिजन्य पदार्थको रोयल्टीः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ (संशोधन सहित) को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी,बालुवा एवं माटो जन्य पदार्थ विक्री गर्न सक्ने व्यवस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुलउपर गर्नुपर्ने ब्यबस्था छ।पालिकाभित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो ,ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ निर्माण कार्यमा खपत भएको निर्माण सामग्रीको रोयल्टी रकम समेत मुल्यांकन गरी भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा ऐन अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्रको ढुङ्गा गिटी,विक्रीबाट प्राप्त हुने आय तथा मूल्य अभिवृद्धि कर रकम प्राप्त हुन नसकेको

| गो .भौ. मिति | योजनाको नाम | खपत परिमाण घनमिटर | न्यूनतम रोयल्टी मु.अ.कर समेत |
|---|---|---|---|
| १६÷ २०८०।१०।२९ | सिमतारा पुन्टा खोला सडक पहिरो नियन्त्रण उ.स | ढुङ्गा÷ ३७ घ.मि.<br>गिटी÷ १ घ.मि.<br>बालुवा ÷ १६ घ.मि. | १७२२२ |
| २५÷ २०८०।११।२९ | मधरिया धारा देखि दमारगाउँ प्रहरी चौकी सम्म जोड्ने बाटो ढुङ्गा तारजाली उ.स | ढुङ्गा÷ ३२ घ.मि.<br>. | १०२०५ |
| २६÷ २०८०।११।२९ | बालाराम पुन टोलदेखि डाँगी टोल सडक स्तरोन्नती उ.स | ग्राभेल÷ ६१ घ.मि. | १९४५५ |
| ४१÷ २०८०।१२।१४ | कौवाघारी भरतटोल देखि फर्म जाने सडक पक्की नाला निर्माण उ.स | ढुङ्गा÷ २३ घ.मि.<br>गिटी÷ ४ घ.मि.<br>बालुवा ÷ १० घ.मि. | ११८०० |
| ४२÷ २०८०।१२।१४ | घट्टेखोला सिम्तारा बाटो निर्माण उपभोक्ता समिति | ढुङ्गा÷ ४२ घ.मि. | १३३९५ |
| ४९÷ २०८०।१२।२५ | एकली चितानपुर गनारी कुलो निर्माण उपभोक्ता समिति | ढुङ्गा÷ ७ घ.मि.<br>गिटी÷ १२ घ.मि.<br>बालुवा ÷ ७ घ.मि. | ८२९२ |
| ५९÷ २०८०।१२।२५ | थपगाउँ पूर्व खोला झर्ने सडक स्तरोन्नती उ.स | ढुङ्गा÷ १८ घ.मि.<br>गिटी÷ १ घ.मि.<br>बालुवा ÷ ७ घ.मि. | ८२९२ |
| ६४÷ २०८१।१।१६ | डाँडाचिस ढुङ्गा तारजाली उपभोक्ता समिति | ढुङ्गा÷ ४३ घ.मि. | १३७१४ |
| ६७÷ २०८१।१।२३ | चितानपुर चिरागार सडक स्तरोन्नती तथा नाला निर्माण उ.स | ढुङ्गा÷ १४ घ.मि.<br>गिटी÷ १४ घ.मि.<br>बालुवा ÷ ७ घ.मि. | १११६२ |
| ७२÷ २०८१।१।२४ | हेकुली त्रिवेणी सडक नाला निर्माण उ.स | ढुङ्गा÷६ घ.मि.<br>गिटी÷ २० घ.मि.<br>बालुवा ÷ १० घ.मि. | ११४८१ |
| प्रमाण पेश नगरेको | ४९,९९७ |

४१.४ **संघीय ससर्त वजेटवाट प्रोत्साहन खर्चः** संघिय सरकारवाट हस्तान्तरीत कार्यक्रम सशर्त वजेट खर्च गर्दा तोकिएको सर्त वमोजिम तोकिएको क्षेत्रमामात्र खर्च गर्न सकिने छ।गाउपालिकाले सशर्त वजेटको स्वीकृत दरवन्दिका स्वास्थ्य शाखा, स्वास्थ केन्द्र र चौकिको तलव खर्च मात्र लेख्ने मिल्नेमा शीर्षकवाट पालिकाले निर्णय गरेर मेडिकल सुपरिटेन्डेन्टको प्रोत्साहन भत्ता बापत २१४।२०८१।३।२४ वाट रु १७००० कर वाहेक खर्च लेखिएको छ । संघीय शसर्तवाट कार्यविधि अनुसार मात्र खर्च गर्न पाईने शीर्षकवाट पालिकाको निर्णय अनुसार खर्च लेखिएकोले सो रकम संघियसन्चित कोषमा शोधभर्ना हुनु पर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

४२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ७७ जनालाई औसत २७ दिनले २०८४ दिन रोजगारी उपलव्ध गराई रु.१३९०७३६ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४३ **कार्यविधि विपरित बढि खर्च**

संघिय सरकारवाट हस्तान्तरीत कार्यक्रम सशर्त वजेट खर्च गर्दा तोकिएको सर्त वमोजिम तोकिएको क्षेत्रमामात्र कार्यविधि अनुसार खर्च गर्न सकिने छ।गाउपालिकाले १४०।२०८१।३।५ लघुउधम कार्यक्रमवाट सम्भाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतिस्पर्धा वृध्दि गर्नको लागि ५ जनाको समुहमा प्रविधि हस्तान्तरणवाट रु ७२१३९ को ५०० ग्राम र १ केजिको इलेक्ट्रिक प्रिन्टिङ सिलिन्डर समुहलाई वितरण गर्दा कार्यविधि अनुसार कम्तीमा २० प्रतिशत रकम उधमीववाट भुक्तानी हुने गरी र वाकि रकम कार्यलयवाट भुक्तानी हुनु पर्नेमा १०० प्रतिशतनै भुक्तानी भएकोले कार्यविधि विपरित बढि खर्च लेखी ब्ययभार पारेको

| | |
|---|---|
| अनियमित भएको | ७२,१३९ |

४४ **अग्रीम भुक्तानी गरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम३९(५)अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ। कार्यलयले ९०८।२०८१।३।२४ वाट नेपाल विद्युत प्राधिकरणलाई आर्थिक वर्षको अन्तिममा एक मुष्ठ रु ४००००० विद्युत महशुल बापत अग्रीम भुक्तानी गरेको छ । बिद्युत महसुल समयमा बिल अनुसार भुक्तानी गरी नियमानुसार छुट लिनुपर्नेमा बजेट फ्रिज नगर्ने उद्येश्यले खपतको बिल नलिइ अग्रीम भुक्तानी गरेको नियमित नदेखिएको

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

४५ **फार्मेसी सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम३९(५)अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ।पालिकाले ९०१।२०८१।३।२४ वाट दर्गीशरण आधारभुत अस्पतालमा फार्मेसी सञ्चालनको लागि रु १५००००० निकासा भएकोमा लेखा परीक्षणको अवधि सम्म सो रकमवाट कुनै पनि औषधि खरिद भएको देखिएन। विउपूजीबाट औषधी खरिद गरि फार्मेसी सञ्चालनमा ल्याउन पर्दछ।

४६ **खर्चको उपलव्धि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम३९(५ )अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ।गाँउपालिकाले १९४।०८१।३।१९ वाट किसान सुचिकरण कार्यविधि,२०७७ बमोजिम आर्थिक वर्ष ०७९।८० मा सुचिकरण भएको किसानहरुको तथ्याकं अद्यावधिक गरि परिचय पत्र वितरण प्रकृया कार्यविधि निर्माण गर्न सवै वडामा वडा समिति वैठक,खाना र स्टेसनरी गरि रु ११३३५० खर्च गरेकोमा कार्यविधि बनाएको नदेखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१३,३५० |

४७ **प्रस्तावित कार्य र लागत अनुमान विपरित खर्च**

१२।२०८१।३।२३ प्रदेशसरकारवाट हस्तान्तरीत कृषि कार्यक्रमवाट दुध संकलन केन्द्र वजारीकरणकोलागि ५० प्रतिशत अनुदान स्वरुप विनियोजित रु १५०००० वाट आचार्य भैसी फर्मले पेश गरेको विल भरपाईमा ब्यबस्थापन खर्च बापत प्रस्तावित कार्य र लागत

अनुमान विपरित १ थान ल्यापटप र १ थान प्रिन्टरको रु ११७९१५ को विल पेश गरेको आधारमा ५० प्रतिशत रकम अनुदान दिएको देखियो। निजि प्रकृतिको खर्चमा अनुदान दिन नमिल्ने हुदा बढि भुक्तानी ५० प्रतिशत रकम रु ५८९५८ आचार्य भैसि फर्मवाट असुल गरी प्रदेश सन्चित कोषमा दाखिला गर्नु पर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,९५८ |

४८ **वडा नं ५ खानेपानी पाईप विस्तार योजना** (१७८-२०८१-३-७):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले प्राबिधिक मुल्यांकन साथ खर्च पुष्टी हुने प्रमाण कागजात उक्त समितिबाट अनुमोदन गराइ पेश गर्नुपर्ने ब्यबस्था छ। पालिकाले वडा नं ५ खानेपानी पाईप विस्तार योजनाको पाईप खरिद तथा विच्छाउने कार्यको रु ४,४०,८०५ कार्य मूल्यकंन गरि उपभोक्ता समितिलाई रु ४ लाख भुक्तानी गर्दा उपभोक्ता समितिले निम्नानुसारको साईज वा पाईप खरिद मूल्याकंन भएकोमा खरिद गरिएको पाईपको साईज र परिमाण भन्दा फरक परिमाण र साईजको पाईप विच्छाएको मूल्याकंन गरेको देखियो।पेश भएको प्राविधिक मूल्याकंन अनुसार १९५० मिटर पाईप खरिद, जोड्ने र विच्छाउने कार्य १७१० मिटर र खन्ने पुर्ने कार्य ३११० मिटर देखिन्छ । पालिकाले अनुगमन गरी जोड्ने र विच्छाउने भन्दा बढि खरिद पाइपको मुल्य रु ७३९२२ र जडान भन्दा बढि खन्नेपुर्ने कार्य १४०० घन मिटरको रु १७८५० असुल गर्नुपर्ने रु रु

| पाईपको साईज | खरिद परिमाण मिटर | विच्छाउने कार्यको परिमाण मिटर | खन्ने पुर्ने पाईपलाईन मिटर |
|---|---|---|---|
| एचडिपि पाईप ५० एमएम पि.एन. १६ | १००० | १००० | ३११० |
| एचडिपि पाईप ४० एमएम पि.एन. १६ | ७५० | ६५३ | |
| एचडिपि पाईप ३२ एमएम पि.एन. १६ | २०० | ५७ | |
| जम्मा | १९५० मिटर | १७१० मिटर | ३११० मिटर |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,७७२ |

४९ **चेनेज वा स्थान नखुलाएको** (२७२-२०८१-३-३१):

सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्बजनिक निकायले प्राबिधिक नापजाँच गरी नापी कितावमा उल्लेख भउको बास्तबिक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। पालिकाले ठेक्का नम्बर ८÷ २०८०।८१ बारचौक दामोदर सडक कालोपत्रे योजनाको आर. सि. सि, साइड ड्रेन, सब बेस र सब ग्रेडको कार्यमा रोडवे एक्साभेसन १०४५ घ.मि. ,पि.सि.सि १:३:६÷ २९.५ घ.मि., पि.सि.सि १:२:४÷ १८८.७ घ.मि. कार्य मुल्यांकन गरी प्रमोद निर्माण सेवालाइ रु ३१,८८,०२३ भुक्तानी गरेकोमा सोही सडकमा गो.२७६ मिति २०८१।३।२१ बाट थप कार्य बापत रोडवे एक्साभेसन १४३.५ घ.मि. ,पि.सि.सि १:३:६÷ १३ घ.मि., पि.सि.सि १:२:४÷ ७६.५ घ.मि. समेत कार्य मुल्यांकन गरी रु १०,६९,२१८ भुक्तानी गरेकोमा थप कामको प्राबिधिक मुल्यांकनमा सडकको चेनेज र स्थान खुलाएको नदेखिएकोले पालिकाबाट दोहोरो परे नपरेको एकिन गर्नुपर्छ।

५० **प्राबिधिक मुल्यांकन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ देखि १२ सम्म लागत अनुमानको व्यवस्था छ। सार्वजनिक निर्माण वापत विल विजकको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादन भएको आधारमा भुक्तानी गर्नुपर्दछ। पालिकाले खरिद गरी सप्लायर्सलाई भुक्तानी गरेकोमा खरिद गरिएका निर्माण सामाग्रीको उपयोगको प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ.मिति | निर्माण सामाग्री बिबरण | परिमाण | सप्लायर्स | बुझिलिने | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १३२÷२०८१।२।२१ | बिद्युत पि.एस.सि. पोल | १२ थान | जय मनकामना उद्योग एण्ड सप्लायर्स | | ६९४५२६ |
| | ह्युमपाइप ३० से.मि | ३७.५ र.मि. | | | |
| | ह्युमपाइप ६० से.मि. | १० र.मि. | | | |
| | ह्युमपाइप ९० से.मि | १० र.मि. | | | |
| | ह्युमपाइप ४५ से.मि | ३५ र.मि. | | | |
| | ०.०३ एसिएसआर बिद्युत तार | १२५० र.मि. | | | |
| १९४÷२०८१।३।११ | एच.डि.पि. पाइप ५० एम एम पि एन ÷६ | ९१० मिटर | कञ्चनजङ्गा सप्लायर्स | | १५८८५७ |
| २००÷२०८१।३।१२ | पिभिसि पाएप १६० एम एम ÷६ के.जि. र | २४ मिटर पाएप र सकेट २१ | कञ्चनजङ्गा सप्लायर्स | | |
| ४९८÷२०८१।१।२४ चालु | तारजाली बक्स | २*१*१को ८० थान | प्रमोद निर्माण सेवा | | ३९५८५२ |
| | | ३*१*१को २१ थान | | | |
| ८२८÷२०८१।३।२० चालु | २ हर्षपावर मोटरपम्म | एक | | उ. स. अध्यक्ष केशव घर्ति मगर | १३३१२६ |
| | एच.डि.पि. पाइप ६३ एम एम पि एन ÷६ | ५२५ मिटर | सुनिल एण्ड शुभलक्ष्मी हार्डवयर प्रा.लि. | | |
| २४६÷२०८१।३।२० | एच.डि.पि. पाइप ११० एम एम पि एन ÷६ | १६२ मिटर पाइप र ५ हर्षपावर डिजेल पम्मसेट÷१ | सुनिल एण्ड शुभलक्ष्मी हार्डवयर प्रा.लि. | उ. स. अध्यक्ष लाल बहादुर बि.क . | ७९५४१ |
| | ४ इन्च सक्सन पाइप र फुटवाल | १० मिटर | सुनिल एण्ड शुभलक्ष्मी हार्डवयर प्रा.लि | | १४२५० |
| २५५÷२०८१।३।२० | एन.पि.श्री. ३० से.मि. | ६ थान | प्रयास कंक्रिट पोल एण्ड ह्युमपाइप उद्योग | | १७८९५९ |
| | एन.पि.श्री. ४५ से.मि. | ४ थान | | | |
| ६-२०८१।३।११ | एच.डि.पि. पाइप ३२ एम एम पि एन ÷१० | १२०० मिटर | | | |
| जम्मा | | | | | १६५५१११ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,५५,१११ |

५१ **कार्य प्रगति न्युन**

५१.१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यबसायीले कारण खुलाइ सम्झौताको म्याद सकिने भन्दा कम्तिमा २१ दिन अगाबै निर्धारित अवधिको कार्यसम्पादन जमानत बिमा र पेश्की सम्बन्धि जमानत तथा सम्शोधित कार्यतालिका सहित आबश्यक प्रमाण कागजात संलग्न गरी

सम्बन्धित सार्बजनिक निकायमा अवधि थपको लागी निबेदन दिइ सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आबश्यक जाँचबुझ गरी म्याद थप गर्न सक्ने ब्यबस्था छ। पालिकाले ठेक्का नम्बर १ ÷२०८०।८१ को बैबाङ रामपुर वडा कार्यालय सडक कालोपत्रे योजनाको यम आर के.सी. कन्स्ट्रक्सनले रु ३४,५२,९४४ को कार्य २०८१ असार १५ भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।१२।१ मा सम्झौता भएकोमा २०८१।६ ३० सम्म म्याद थप गरेकोमा नियमानुसार निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको बिमा गरेको प्रमाण पेश गरेको देखिएन। पालिकाले यस बर्ष दोस्रो बिल सम्म रु १९,०९,६२६( ५५.३० प्रतिशत ) कार्य मुल्यांकन गरी भुक्तानी गरेकोले कार्य प्रगति न्युन देखिन्छ। म्याद थप भएको समयसिमा भित्र नियमानुसार कार्य सम्पन्न गराउन पहल गर्नुपर्ने देखिन्छ।

५१.२ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यबसायीले कारण खुलाइ सम्झौताको म्याद सकिने भन्दा कम्तिमा २१ दिन अगाबै निर्धारित अवधिको कार्यसम्पादन जमानत बिमा र पेश्की सम्बन्धि जमानत तथा सम्शोधित कार्यतालिका सहित आबश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्बजनिक निकायमा अवधि थपको लागी निबेदन दिइ सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आबश्यक जाँचबुझ गरी म्याद थप गर्न सक्ने ब्यबस्था छ। पालिकाले ठेक्का नम्बर १२ ÷२०८०।८१ को ३ नम्बर वडा कार्यालय भवन निर्माण योजनाको ओसिस कन्स्ट्रक्सनले रु ५१,१०,५३३ को कार्य २०८१ पौष ३० भित्र कार्य सम्पन्न गर्ने गरि ०८१।१।२५ मा सम्झौता भएकोमा पालिकाले यस बर्ष प्रथम बिलको रु १४,७१,५०७( २८.८७ प्रतिशत ) कार्य मुल्यांकन गरी भुक्तानी गरेकोले कार्य प्रगति न्युन देखिन्छ। सम्झौता अवधि भित्र नियमानुसार कार्य सम्पन्न गराउन पहल गर्नुपर्ने देखिन्छ।

## ५२ कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)

५२.१ गैर सरकारी संस्था मार्फत खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि , पशुबस्तु सम्बन्धि बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ६ करोडको लागत साझेदारीमा मिति २०८४।२।१५ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।११।१९ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० ले हुने रकम रु ४ करोड २० लाख पालिकाले र बाँकी हुने रकम रु १ करोड ८० लाख हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई गत बर्ष रु ४३ लाख ४० हजार ५ सय र आ.व. २०८०।८१ मा रु. ६४ लाख १३ हजार ७ सय गरी हाल सम्म रु १ करोड ७ लाख ५४ हजार २ सय भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

५२.२ कार्य सम्पादन÷ ÷ पालिकाले सम्पादन गर्नुपर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु संचालन गर्न कृषि तथा पशू प्राविधिक कार्यरत रहेको अवस्थामा उक्त कार्य हेफरवाट गराउनु उपयुक्त देखिएन ।

५२.३ पेश्की जमानत÷ पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत सम्रचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय गैरसरकारी सस्थाबाट कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैँक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत यस बर्य रु ४० लाख ५० हजार पेश्की दिइ फछ्यौट गरेको नियम सम्मत भएन ।

खर्चको प्रतिफल र गुणस्तर÷ सम्झौताको वुँदा नं ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

बिल विजक ÷ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्नु पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु ६४,१३,६६८ भुक्तानी गरेको र हेफर प्रोजेक्टले स्थानिय गैर सरकारी सस्था नेपाल महिला सामुदायिक सेवा केन्द्र मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन ।

व्यवस्थापन तथा अनुगमन ÷ साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको रकम कार्यपालिकाको निर्णयले पेश्की दिइ खर्च गरेको देखियो।

५२.४ अनुगमन तथा मूल्याङकन÷ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०७९।११ १९ मा ४ वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये परियोजना अनुगमन र मुल्याङ्कनमा यस बर्ष रु. २ लाख २० हजार परियोजना अनुगमन तथा सिफारिस समितिले सिफारिस गरेकोमा सो रकम खर्च नभएको पालिकाले जनाएको छ।कार्यक्रम कार्यान्वियन गर्ने गैरसरकारी संस्थाको कामको अनुगमन तथा मूल्याङकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वयं सोही संस्था वाट गराई खर्च लेख्न नमिल्ने देखिन्छ।

## ५३ नमुना बिद्यालय गुरुयोजना कार्यान्वियनको अबस्था

५३.१ यस पालिका अन्तर्गत नमूना विद्यालयको रुपमा बिरेन्द्र माद्यामिक विद्यालय २०७६।७७ मा ५ बर्ष भित्र नमुना बिद्यालयको रुपमा बिकास गर्नका लागी छनौट भई २०७८।७९ देखि निकासा भएको अनुदानको लेखापरीक्षण अवधि सम्म खर्चको स्थिति निम्नानुसार रहेको बिबरण पेश भएको छ।

| आर्थिक बर्ष | प्रयोजन | अनुदान रकम | खर्च रकम | कुल मोज्दात रकम |
|---|---|---|---|---|
| २०७८।७९ | ८ कोठे शैक्षिक भवन निर्माण | १५०००००० | १०२६४५८९ | ४७३५४११ |
| २०७९।८० | ८ कोठे प्रशासनिक भवन निर्माण | ९५५१८७७ | ८३०८२५८ | ५९७९०३० |
| २०७९।८० | ८ कोठे शैक्षिक भवन निर्माण | ० | ३७३७०३५ | २२४१९९५ |
| २०८०।८१ | ८ कोठे शैक्षिक भवन निर्माण | ९९१७०३४ | ६०५२६२९ | ६१०६४०० |
| २०८१।८२ | ८ कोठे शैक्षिक भवन निर्माण | ० | २०८३०६७ | ४०२३३३३ |

भौतिक पुर्वाधार कार्यको निकासा : शिक्षा तथा मानव श्रोत विकास केन्द्र ,कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ मा केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत विद्यालयको गुरुयोजना (Master Plan) बमोजिम स्वीकृत भवन निर्माण गर्दा लागत अनुमान सहित अनुदान माग गरी स्वीकृत भए बमोजिम गर्नुपर्ने,विद्यालयसंग सम्झौता पश्चात अनुदान रकमको ५० प्रतिशत निकासा दिने,Structural Part को कार्यसम्पन्न भए पश्चात दोश्रो किस्ता ३० प्रतिशत निकासा दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तीम किस्ताको रुपमा कूल अनुदान रकमको बाँकी २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। त्यसै गरी गाउँपालिकाले नमुना विद्यालयको रुपमा छनौट भएको बिरेन्द्र माध्यमिक विद्यालयको भवन निर्माण कार्य निर्देशिका बमोजिम विद्यालयलाई निकासा नदिई बिद्यालयले ठेक्का व्यवस्थापन गरी कार्य शुरु गरेको आधारमा अनुदान दिएको देखियो। निर्देशिकाले तोके बमोजिम ५० प्रतिशत,३० प्रतिशत र कार्यसम्पन्न पश्चात २० प्रतिशत रकम दिने व्यवस्था पालना हुनुपर्दछ।

५३.२ गुरुयोजना परिमार्जन- कार्यक्रम कार्यान्वियन निर्देशिकामा नमूना विद्यालय विकासका लागि तयार भएको भौतिक एवं शैक्षिक गुरुयोजना विद्यालयको प्रस्तावको आधारमा स्थानीय तहले आवश्यकता एवं औचित्यका आधारमा परिमार्जन/ अद्यावधिक गर्न सकिने ब्यबस्था छ। पालिकाले स्वीकृत गुरुयोजनाको परिमार्जन नगरी बजेट प्राप्त भए बमोजिम लागत अनुमान स्वीकृत गरी कार्यन्वयन गरेको देखियो।

५३.३ गुरुयोजना अनुसारको बाकी काम: बिद्यालयको ५ बर्षे गुरुयोजनाले निर्धारण गरेका काम मध्ये यस बर्ष सम्म कति सम्पन्न भए र अब बाकी काम कति छ सोको बिबरण र पालिकाबाट पेश नभएकोले गुरुयोजना अनुसारको काम बाकी बिश्लेषण गर्न सकिएन।लेखापरीक्षण अवधिमा स्थलगत अवलोकन गर्दा १ भवन सम्पन्न भइ अर्को भवन निर्माणाधिन अबस्थामा रहेको देखियो। गुरुयोजनाले तोके अनुसारका सबै काम तोकिएको अवधिमा सम्पन्न गराउन पहल हुनुपर्दछ।

५३.४ कार्यान्वयन योजना: कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ अनुसार वजेट विद्यालयलाई उपलव्ध गराउंदा विगत वर्ष वाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यन्वयन योजना र यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई स्वीकृत गर्नुपर्ने ब्यबस्थाको पालन भएको देखिएन।

## ५४ जिन्सी दाखिला र खपत प्रमाण

५४.१ (२२-२०८१-३-२०):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५मा कार्यलयमा प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधि लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ ।पालीकाले नमुना स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत हेकुली स्वास्थ्य चौकिको लागी निम्न अनुसारको जिन्सी खरिद गरि शारदा सप्लायर्सलाई रु ४,९८,३८६ भुक्तानी गरेकोमा खरिद गरिएको जिन्सी गाँउपालिकाको PAMS मा तथा सम्वन्धित स्वास्थ्य चौकिमा दाखिला गरेको नदेखिएकोले PAMS मा जिन्सि दाखिला प्रमाण पेश हुनु पर्ने रु

| जिन्सी समाग्रि | थान | रकम |
|---|---|---|
| एवि वेन्च डवल | १ | ४९८३८६ |
| पुल चेयर | १ | |
| साईकल | १ | |
| स्ट्यान्डिङ एण्ड सिटिङ ह्वीस्टर | १ | |
| एयर वाकर | १ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९८,३८६ |

५४.२ आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार ब्याक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने ब्यबस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारका बिद्यालयहरुलाइ जिन्सी सामान खरिदको भुक्तानी गरेकोमा पेश भएको जिन्सी दाखिलाको प्रतिबर्दनमा जिन्सी खातापाना नम्बर र दाखिला नम्बर उल्लेख भएको नदेखिएकोले खरिद गरिएका सामाग्री शिक्षा नियमावली २०५९(संशोधन सहित) अनुसुचि फाराम नं ७ अनुसार बिद्यालयको खप्ने जिन्सी खातामा दाखिला गरी फाराम नं १० सम्पत्तिको बार्षिक प्रतिबेदनमा समाबेश भएको तथा खर्च हुने सामान खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.नं.र मिति | विद्यालयको नाम | जिन्सी विवरण | संख्या | रकम |
|---|---|---|---|---|
| २३÷२०८१।३।२१ प्रदेश | सिद्धि पृथ्बी जनता मा.बि. | वाटर फिल्टर १०० एल पि एच | १ | २००००० |
| | | २ के भि स्टेपलाइजर | १ | |
| | | फिटिङ सामाग्री | बिभिन्न | |
| २७÷२०८१।३।२१ प्रदेश | बिभिन्न सामुदायिक बिद्यालय(बिद्यालयको छाप बेगरको भर्पाइ पेश भएको जिन्सी दाखिला प्रमाण नभएको) | कपि बिभिन्न साइज | १००२६ | ९९७०२१ |
| | | पेन्सिल कलर | २०८५ | |
| | | चाइनिज पेन | २७६ | |
| | | पेन्सिल कटर | ४१७ पाकेट | |
| | | ज्यामिति बक्स | ४७८ | |
| | | किट बक्स | १५ | |
| जम्मा | | | | ११९७०२१ |

| प्रमाण पेश नगरेको | ११,९७,०२१ |
|---|---|

५४.३ आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५मा कार्यलयमा प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधि लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ ।पालीकाले वडाअध्यक्षको सिफारिसमा निम्न जिन्सी समान खरिद गरि पब्लिक फर्निचर उद्योगलाइ भुक्तानी गरेकोमा खरिद गरिएको जिन्सी गाँउपालिकाको PAMS मा जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ नं र मिति | जिन्सी समान | सप्लायर्स | रकम |
|---|---|---|---|
| २८०।२०८१।३।२२ | जुट कार्पेट ४९ मिटर, पिफर्म ७३ मिटर | पब्लिक फर्निचर उद्योग | ५६२१८ |
| २७७।२०८१।३।२१ | जुट कार्पेट ५० मिटर, पिफर्म ७० मिटर | | ५७५१७ |
| | | | ११३७३५ |

| प्रमाण पेश नगरेको | १,१३,७३५ |
|---|---|

५४.४ (१८३ र १९-):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५मा कार्यलयमा प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधि लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ ।पालीकाले वडा ६ मा खुल्ला ब्यामशाला निर्माणको लागी देहायको सामानहरु खरिद गरी संगम सप्लायर्सलाइ गाउपालिका गो.भौ. १८३ बाट रु ५ लाख र प्रदेश शशर्त गो.भौ.१९ बाट रु ५९३८४० गरी रु १०९३८४० भुक्तानी गरेकोमा खरिद गरेका जिन्सी सामाग्री पालिकाको PAMS मा दाखिला भएको प्रमाण पेश नभएकोले दाखिला प्रमाण पेश गर्नु पर्ने रु

| समानको नाम | थान | रकम |
|---|---|---|
| एयर वाकर | १ | १०९३८४० |
| डवल स्किङ मेसिन | १ | |
| डवल फिटनेस राईडर | १ | |
| स्किङ मेसिन | १ | |
| डवल सर्फ बोर्ड | १ | |
| लेग प्रेस | १ | |
| पुल चेयर्स | १ | |
| लेग लिफर | १ | |
| पुल चेयर एन्ड लेग मागर सेट | १ | |
| स्टान्डिङ सिटिङ ट्विस्टर | १ | |

| प्रमाण पेश नगरेको | १०,९३,८४० |
|---|---|

५५ **बढि भुक्तानी**

५५.१ (१३७-२०८१-२-२१):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६ ) मा उपभोक्ता समितिले कामको प्राबिधिक मुल्यांकन, बिल,भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने तथा उपनियम १३ मा प्राप्त गरेको रकम दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने ब्यबस्था छ।पालिकाले वडानम्बर ५ को रावल गाँउले कुलोमा वालनिर्माण कार्यको लागी नरम माटो खन्ने कार्यको म्यानुअल प्रति घन मिटर रु ३६७.२० का दरले संम्झौता गरेकोमा कार्य सम्पन्न पश्चात पेश भएको विल भरपाईमा उक्त कार्य सक्सेस कन्सट्रक्सन एन्ड सप्लायर्स जेसिवि प्रयोग गरि फाउन्डेसनमा खन्ने कार्य गरि कर बिजक पेश गरेको देखियो । जिल्ला दररेट र दर विश्लेषण अनुसार उक्त नरम माटो खन्ने कार्यमा मेशिनवाट प्रति घनमिटर रु ७८ रहेकोले बढि मुल्याकंन गरी भुक्तानी गरेको ४६.७४ घन मिटर कार्यको अनुपातिक हिसावले उपभोक्ताको अंश कट्टि गरि हुने रु १३,५०८ असुल गर्नु पर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०८ |

५५.२ (१४६-२०८१-५-३१):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६ ) मा उपभोक्ता समितिले कामको प्राबिधिक मुल्यांकन, बिल,भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने तथा उपनियम १३ मा प्राप्त गरेको रकम दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने ब्यबस्था छ। पालिकाले वडा नं ५को डाडाचिस शिवमन्दिर सडक स्तरिउन्नती कार्यको रु २,१९,४७९ मूल्याकंन गरी उपभोक्ता समितिलाई रु १,९८,३९१ भुक्तानी गर्दा नरम माटो मेनुअल खन्ने कार्यको प्रति घ.मि. रु३१९.२० को दरले मूल्याकंन गरेकोमा पेश भएको बील भरपाईमा उपभोक्ताले उक्त कार्य मानिसद्धारा नगरी मेसिन प्रयोगको कर बिजकपेश गरेको देखियो। जिल्ला दररेट र दर विश्लेषण अनुसार उक्त नरम माटो खन्ने कार्यमा मेशिनवाट प्रति घनमिटर रु ७८ रहेकोले बढि मुल्याकंन गरी भुक्तानी गरेको अनुपातिक हिसावले उपभोक्ताको अंश कट्टि गरि हुने रु ३८२२ असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८२२ |

५५.३ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले कार्य सम्पन्न पश्चात प्राबिधिक मुल्यांकनसाथ खर्च पुष्टी हुने बिलभर्पाइ त्यस्तो समितिबाट अनुमोदन गराइ पेश गर्नुपर्ने ब्यबस्था छ। प्राबिधिक मुल्यांकन साथ उपभोक्ता समितिले पेश गरेका बिल भर्पाइ परिक्षण गर्दा प्राबिधिक मुल्यांकन अनुसार खपत भएको परिमाणको दर बिश्लेषणको दर भन्दा घटी दरमा निर्माण सामाग्री खरिद गरेको देखिएकोमा पालिकाले भुक्तानीमा घटि खरिदको अनुपातिक कट्टी गरेको देखिएन। उपभोक्ता समितिले लागत नबेहोरेको रकम मुल्यांकन गरी भुक्तानी गर्न मिल्दैन। उपभोक्ता समितिको लागत भन्दा बढी मुल्याकन गरेको नियमित देखिएन।

| गो.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री खरिद परिमाण र रकम मु अ कर समेत | ढुवानी १० प्रतिशत प्रति घ.मि. थप | मुल्यांकन रकम मु अ कर, ढुवानी तथा रोयल्टी समेत | बढि मुल्यांकन |
|---|---|---|---|---|---|
| २१÷२०८१।३।२० प्रदेश शशर्त | सिंचाई थारिकुलो पक्की नहर निर्माण उपभोक्ता समिति | ढुङ्गा ÷६० घ. मि. प्रति घ..मि. रु १३५६ ( सप्लायर्स भाग्यलक्ष्मी क्रसर उद्योग प्रा.लि. ) | रु १३५.६० | १९१० | २५१०४ |
| २१÷२०८१।३।२० प्रदेश शशर्त | सिंचाई थारिकुलो पक्की नहर निर्माण उपभोक्ता समिति | गिटी÷ ६० घ. मि. प्रति घ..मि. रु १३५६ ( सप्लायर्स भाग्यलक्ष्मी क्रसर उद्योग प्रा.लि. ) | रु १३५.६० | १७७० | १६७०४ |
| १८÷२०८१।३।२० प्रदेश शशर्त | प्रशङ्डुवा स्वास्थ्य संस्था निर्माण तथा कार्यालय व्यवस्थापन उ.स | गिटी÷ १६ घ. मि. प्रति घ..मि. रु १३५६ ( सप्लायर्स भाग्यलक्ष्मी क्रसर उद्योग प्रा.लि. ) | रु १३५.६० | १७७० | ४४५५ |
| १८÷२०८१।३।२० प्रदेश शशर्त | प्रशङ्डुवा स्वास्थ्य संस्था निर्माण तथा कार्यालय व्यवस्थापन उ.स | ढुङ्गा ÷३० घ. मि. प्रति घ..मि. रु १३५६ ( सप्लायर्स भाग्यलक्ष्मी क्रसर उद्योग प्रा.लि. ) | रु १३५.६० | १९१० | १२५५२ |
| जम्मा | | | | | ५८८१५ |

५६ **कार्य सम्पन्न पश्चात बिमा**

५६.१ (१८९-२०८१-३-१०):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको उपनियम २ मा उल्लेख भएको कारण बाहेक जुनसुकै कारणबाट हुने हानिनोक्सानी वा क्षतिको दायित्व बहन हुनेगरी निर्माण ब्यबसायिले निर्माणस्थल सुम्पिएपछि कार्य प्रारम्भ हुदाको बखतनै बिमा गरी बिमाशुल्क भुक्तानी गरेको प्रमाण पेशको आधारमा बिमा बापतको रकम भुक्तानी गर्नुपर्नेमा ठेक्का नं ४÷ ०८०।८१ हेकुली चोक देखि मौली बालुवा सडक कालोपत्रे कार्यको सुवाकोटी कन्ट्रक्सनले रु ३६,०९,०२२ को कार्य २०८१ असार १५ भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।११।१८ मा सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात दोस्रो तथा अन्तिम बिलको भुक्तानी गर्दा यूनाईटेड अजोड इन्सुरेन्स लमिटेडको २०८१।२।२ (अर्थात इ.स. २०२४।५।१५) को बिमालेख बाट निर्माण कार्यको इ.स. २०२४।५।१५ देखि इ.स. २०२४।६।२९ सम्म ४४ दिनको रु १९५९८ र इ.स. २०२४।५।१५ देखि इ.स. २०२४।८।१४ सम्म को तेस्रोपक्ष बिमाको रु ४४२० भुक्तनी गरेको कर विजक सम्लग्न गरि रु २४०१८ निर्माण ब्यबसायीलाइ भुक्तानी गरेको देखियो।नियमावलीले तोकेको समय र सिमाभित्र सबै जोखिम पुर्णप्रतिस्थापन नहुने गरी कार्य सम्पन्नपश्चात छोटो अबधिको बिमा गरेको आधारमा बिमा शुल्क भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,०१८ |

५६.२ (१४२-२०८१-२-२२):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको उपनियम २ मा उल्लेख भएको कारण बाहेक जुनसुकै कारणबाट हुने हानिनोक्सानी वा क्षतिको दायित्व बहन हुनेगरी निर्माण ब्यबसायिले निर्माणस्थल सुम्पिएपछि कार्य प्रारम्भ हुदाको बखतनै बिमा गरी बिमाशुल्क भुक्तानी गरेको प्रमाण पेशको आधारमा बिमा बापतको रकम भुक्तानी गर्नुपर्नेमा ठेक्का नं ३÷ ०८०।८१ हेकुली बिरेन्द्र चोक देखि चिरेगाड सडक कालोपत्रे कार्यको प्रमोद निर्माण सेवाले रु ३४,५४,९९१ को कार्य २०८१ असार १५ भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।११।१४ मा सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात गो.भौ .१४२।०८१।२।२२ बाट प्रथम तथा अन्तिम बिलको रु ३४,१०,२४० भुक्तानी गर्दा यूनाईटेड अजोड इन्सुरेन्स लमिटेडको २०८१।२।२२ (अर्थात इ.स. २०२४।६।४) को बिमालेख बाट निर्माण कार्यको इ.स. २०२४।

६।४ देखि इ.स. २०२४।६।२८ सम्म २४ दिनको रु १६२२९ र इ.स. २०२४।६।४ देखि इ.स. २०२४।१२।३ सम्म को तेस्रोपक्ष बिमाको रु ६६२० भुक्तनी गरेको कर विजक सम्लग्न गरि रु २२,८४९ निर्माण ब्यबसायीलाइ भुक्तानी गरेको देखियो।नियमावलीले तोकेको समय र सिमाभित्र सबै जोखिम पुर्णप्रतिस्थापन नहुने गरी कार्य सम्पन्नपश्चात छोटो अबधिको बिमा गरेको आधारमा बिमा शुल्क भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८४९ |

५६.३ (२८६-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको उपनियम २ मा उल्लेख भएको कारण बाहेक जुनसुकै कारणबाट हुने हानिनोक्सानी वा क्षतिको दायित्व बहन हुनेगरी निर्माण ब्यबसायिले निर्माणस्थल सुम्पिएपछि कार्य प्रारम्भ हुदाको बखतनै बिमा गरी बिमाशुल्क भुक्तानी गरेको प्रमाण पेशको आधारमा बिमा बापतको रकम भुक्तानी गर्नुपर्नेमा ठेक्का नं ६÷ ०८०।८१ रचपल बुटनिया सडक कालोपत्रे कार्यको प्रमोद निर्माण सेवाले रु ३०,४६,७०६ को कार्य २०८१ असार १५ भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।११।१४ मा सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात प्रथम तथा अन्तिम बिलको भुक्तानी गर्दा यूनाईटेड अजोड इन्सुरेन्स लमिटेडको २०८१।३।१८ (अर्थात इ.स. २०२४।७।२) को बिमालेख बाट निर्माण कार्यको इ.स. २०२४।७।२ देखि इ.स. २०२४।७।२ सम्म १ दिनको रु १५०५८ र इ.स. २०२४।७।२ देखि इ.स. २०२४।८।१ सम्म को तेस्रोपक्ष बिमाको रु २७७० भुक्तनी गरेको कर विजक सम्लग्न गरि रु १७८२८ निर्माण ब्यबसायीलाइ भुक्तानी गरेको देखियो।नियमावलीले तोकेको समय र सिमाभित्र सबै जोखिम पुर्णप्रतिस्थापन नहुने गरी कार्य सम्पन्नपश्चात छोटो अबधिको बिमा गरेको आधारमा बिमा शुल्क भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८२८ |

५६.४ **ढिला र छोटो अवधिको बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको उपनियम २ मा उल्लेख भएको कारण बाहेक जुनसुकै कारणबाट हुने हानिनोक्सानी वा क्षतिको दायित्व बहन हुनेगरी निर्माण ब्यबसायिले निर्माणस्थल सुम्पिएपछि कार्य प्रारम्भ हुदाको बखतनै बिमा गरी बिमाशुल्क भुक्तानी गरेको प्रमाण पेशको आधारमा बिमा बापतको रकम भुक्तानी गर्नुपर्नेमा ठेक्का नं १÷ ०८०।८१ बैबाङ रामपुर वडा कार्यालय सडक कालोपत्रे योजनाको यम आर के.सी. कन्स्ट्रक्सनले रु ३४,५२,९४४ को कार्य २०८१ असार १५ भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।१२।१ मा सम्झौता भएकोमा निर्माण ब्यबसायिलेशगरमाथा लुम्बिनी इन्सुरेन्स कम्पनी लिमिटेडको २०८१। ६।१६(अर्थात इ.स. २०२४।१०।२) को बिमालेख बाट निर्माण कार्यको इ.स. २०२४।१०।२ देखि इ.स. २०२४।१०।१६ सम्म १४ दिनको रु १५५१५ भुक्तनी गरेको कर विजक सम्लग्न गरेको देखियो। नियमावलीले तोकेको समय र सिमाभित्र सबै जोखिम पुर्णप्रतिस्थापन नहुने गरी कार्य सम्पन्नपश्चात छोटो अबधिको बिमा गरेको आधारमा बिमा शुल्क भुक्तानी गर्न नमिल्ने रु १५५१५ असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,५१५ |

५६.५ (२७३-२०८१-३-२९):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको उपनियम २ मा उल्लेख भएको कारण बाहेक जुनसुकै कारणबाट हुने हानिनोक्सानी वा क्षतिको दायित्व बहन हुनेगरी निर्माण ब्यबसायिले निर्माणस्थल सुम्पिएपछि कार्य प्रारम्भ हुदाको बखतनै बिमा गरी बिमाशुल्क भुक्तानी गरेको प्रमाण पेशको आधारमा बिमा बापतको रकम भुक्तानी गर्नुपर्नेमा ठेक्का नं ७ ०८०।८१ को विजुलीपुर सिचाई योजना वडानं ३ को प्रमोद निर्माण सेवाले रु ५५,०३,७६१।९३ को कार्य २०८१ असार भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।११।१४ मा सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात प्रथम तथा अन्तिम बिलको रु ५४,२६,०४१ भुक्तानी गर्दा यूनाईटेड अजोड इन्सुरेन्स लमिटेडको २०८१।३।१८ (अर्थात इ.स. २०२४।७।२) को बिमालेख बाट निर्माण कार्यको इ.स. २०२४।७।२ देखि इ.स. २०२४।७।२ सम्म १ दिनको रु

२६,२३२।६४ र सोहि मिति र सोहि अवधिको तेस्रोपक्ष बिमाको रु २७७० भुक्तनी गरेको कर विजक सम्लग्न गरि रु २०,९९७।३६ निर्माण ब्यबसायीलाइ भुक्तानी गरेको देखियो।नियमावलीले तोकेको समय र सिमाभित्र सबै जोखिम पुर्णप्रतिस्थापन नहुने गरी कार्य सम्पन्नपश्चात छोटो अबधिको बिमा गरेको आधारमा बिमा शुल्क भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,९९७ |

५६.६ (२७२-२०८१-३-२१):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण ब्यबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको उपनियम २ मा उल्लेख भएको कारण बाहेक जुनसुकै कारणबाट हुने हानिनोक्सानी वा क्षतिको दायित्व बहन हुनेगरी निर्माण ब्यबसायिले निर्माणस्थल सुम्पिएपछि कार्य प्रारम्भ हुदाको बखतनै बिमा गरी बिमाशुल्क भुक्तानी गरेको प्रमाण पेशको आधारमा बिमा बापतको रकम भुक्तानी गर्नुपर्नेमा ठेक्का नं ८÷ ०८०।८१ बागर चौक दामोदर सडक कालोपत्रे कार्यको प्रमोद निर्माण सेवाले रु ३२,९८,७६८ को कार्य २०८१ असार १५ भित्र कार्य सम्पन्न गर्ने गरि ०८०।११।१८ मा सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात प्रथम तथा अन्तिम बिलको भुक्तानी गर्दा यूनाईटेड अजोड इन्सुरेन्स लमिटेडको २०८१।३।१८ (अर्थात इ.स. २०२४।७।२) को बिमालेख बाट निर्माण कार्यको इ.स. २०२४।७।२ देखि इ.स. २०२४।७।२ सम्म १ दिनको रु १५६२० र इ.स. २०२४।७।२ देखि इ.स. २०२४।८।१ सम्म को तेस्रोपक्ष बिमाको रु २७५० भुक्तनी गरेको कर विजक सम्लग्न गरि रु २३३९० निर्माण ब्यबसायीलाइ भुक्तानी गरेको देखियो।नियमावलीले तोकेको समय र सिमाभित्र सबै जोखिम पुर्णप्रतिस्थापन नहुने गरी कार्य सम्पन्नपश्चात छोटो अबधिको बिमा गरेको आधारमा बिमा शुल्क भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,३९० |

५७ **खपत भन्दा बढिको मुल्य अधिबृद्धि कर भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, रड, र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको मूल्य अभिवृद्धि कर भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नु पर्ने रु

| गो भौ मिति र उ.स.को नाम | कार्यविवरण र मुल्याङ्कन | निर्माण सामग्री खपत | दर बिश्लेषण र मुल्यांकन दर मु अ कर बाहेक | उ.स. खरिद दर | कार्यमुलयाङ्कन अनुसार VAT | करविजक अनुसार VAT | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १३५÷२०८१।२।२१ सुकदेवामा योग हल निर्माण उपभोक्ता समिति | पि.सि.सि१:३:६÷६घ.मि. | इट्टा÷१२८८० | प्रति गोटा रु १३.६० | प्रति गोटा रु ११ | २२७७२ | १६७४४ | ६०२८ |
| | पि.सि.सि१:२:४÷३घ.मि. | सिमेन्ट १३६ ब्याग, | प्रति बोरा रु ६०० | प्रति बोरा रु ४८० | १०६०८ | ८४८६ | २१२२ |
| | ब्रिकमेसनरी१:४÷२३घमि | डण्डी ५९७ के जि | प्रति के जि रु ९५ | प्रति के जि रु ८३ | ७३७३ | ६४४१ | ९३२ |
| | स्टोनमेसनरी१:४÷१५घ.मि. | | | | | | |
| | डण्डी÷ ५९७ के.जि. | | | | | | |
| २८÷२०८१।३।२३प्रदेश पुजिगत ज्ञानज्योती प्रा.बि. भवन नि. वडा न ७ | पि.सि.सि१:२:४÷३घ.मि. | इट्टा÷१९०४० | प्रति गोटा रु १३.६० | प्रति गोटा रु ८ | ३३६७३ | १९८०२ | १३८७१ |
| | आर.सिसि.१: १/२:३÷३१ घ.मि. | सिमेन्ट ९०४ ब्याग, | | प्रति बोरा रु ४०० | ७०५१२ | ४७००८ | २३५०४ |
| | ब्रिकमेसनरी १:४÷३४घ.मि. | डण्डी÷ ३७९९ के.जि. | प्रति के जि रु ९५ | प्रति के जि रु ८३ | ४६९१८ | ४०९९१ | ५९२७ |
| | डण्डी÷ ३७९९ के.जि. | | | | | | |
| २८४÷२०८१।३।२३ डेरी सन्चालनको लागी भवन निर्माण | पि.सि.सि१:३:६÷१.७९घ.मि. | सिमेन्ट ११८ ब्याग, | प्रति बोरा रु ६०० | प्रति बोरा रु ४८७ | ९२०४ | ७४७० | १७३४ |
| | आर.सि.सि.१: १/२:३÷१२ घ.मि. | इट्टा÷३९२० | प्रति गोटा रु १३.६० | प्रति गोटा रु १० | ६९३१ | ५०९६ | १८३५ |
| | स्टोनमेसनरी१:४÷१२.६२घ.मि | | | | | | |
| | ब्रिकमेसनरी १:४÷७घ.मि. | | | | | | |
| १८÷ २०८१।३।२० प्रदेश शशर्त प्रशडुवा स्वास्थ्य संस्था निर्माण तथा कार्यालय व्यवस्थापन उ.स | ब्रिकमेसनरी १:४÷३४घ.मि | इट्टा÷९५२० | प्रति गोटा रु १३.६० | प्रति गोटा रु १० | १६८३१ | १२३७६ | ४४५५ |
| जम्मा | | | | | २२४८२२ | १६४४१४ | ६०४०८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,४०८ |

५८ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न निर्माण ब्यबसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु ३९८५६१७ बाँकी रहेको देखिन्छ ।

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | | गत आ. व.सम्मको | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको |
| | | | रकम | फर्छ्यौटकोअन्तिम म्याद | | रकम | फर्छ्यौटकोअन्तिम म्याद | |
| २ | ४ | ५ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ठेकेदार | | | | | | | | |
| ०४/०१/२०८० | कलमखोलासडक पुल, दंगीशरण गा.पा २, दाङ (DPR समेत)लम | बाबुल/केशव शाह/ श्रीकृष्ण जे.भी. | ० | | ० | ० | ०३/३१/२०८१ | २८,००,०००. |
| ०१/२५/२०८१ | वडानं ३ कार्यालय भवन निर्माण योजना | ओसिसकन्स्ट्रक्सन | ० | २०८१/०२/२९ | २,१३,०००.०० | ० | | ० |
| ०२/२२/२०८१ | वडानं ३ कार्यालय भवन निर्माण योजना | ओसिसकन्स्ट्रक्सन | ० | ०३/२५/२०८१ | ४,४२,०००.०० | ० | | ० |
| | | | ० | | ६,५५,०००.०० | ० | | २८,००,०००. |
| संस्थागत | | | | | | | | |
| ०४/०१/२०८० | दंगीशरणगापामा विद्युत, पोल, तार र सडक वत्ति विस्तार योजना | नेपालविद्युत प्राधिकरण | ० | | ० | ० | ०३/३१/२०८१ | १,३०,६१७.० |
| ०४/०१/२०८० | विद्युतमिटर बक्स वितरण कार्यक्रम | नेपालविद्युत प्राधिकरण | ० | | ० | ० | ०३/३१/२०८१ | ४,००,०००.० |
| | | | ० | | ० | ० | | ५,३०,६१७.० |
| | | | | | | | | |
| | | | ० | | ६,५५,०००.०० | ० | | ३३,३०,६१७. |

**म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वडा

न ३ कार्यालय भवनको लागि ओसी कन्ट्रक्सनलाई रु ६५५००० पेश्की दिएको छ । उक्त निर्माण कार्यको म्याद २०८१ पौष मसान्त सम्म रहेको देखिन्छ। उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी नियमानुसार पेश्की फस्र्यौट गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गो भौ नं ३००/२०८१-३-२४ गापा पुजिगत भ्रमण खर्च नियमावली २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएको अवधिको भ्रमण भत्ता पाउने ब्यबस्था छ। अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ को (संशोधन सहित) परिच्छेद ७ मा वैंठक भत्ताको मापदण्ड तोकेको छ । गाउँपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिको बैठक बसे वापतको बैठक भत्ताको भुक्तानी दिदा देहाय बमोजिमको कर्मचारीहरुले दोहोरो सुविधा पर्ने गरी विदा र काजको दिनका दिन उपस्थिति जनाई बैठक भत्ता भुक्तानी लिएको पाईयो । कर्मचारीहरुले बिदा लिएको दिन र भ्रमणमा खटेको दिनको बैठक भत्ता नपाउने हुदा सो रकम असुल हुन पर्ने रु
<table>
<tr><th>क्र.सं</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>थमन वलि</td><td>850</td></tr>
<tr><td>२</td><td>ज्ञानेन्द्र पराजुली</td><td>1700</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५५०</td></tr>
</table>
</td><td>2550.00</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : दँगीशरणा गाउँपालिका, दाङ , दंगीशरण गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nimraj Bhattarai | २०७९-११-१६ | २०८०-५-११ |
| कार्यालय प्रमुख | DIlARAM PANDEY | २०८०-६-१८ | २०८१-६-२ |
| कार्यालय प्रमुख | Karna Bahadur nepali | २०८१-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bharat K.C | २०७८-९-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३०४,५४७.०४ | ५,९९९,२८८ | ६,४३७,३०० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १४,७४१,१३५.०४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १०,५५० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | २,५५० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,७३३,१३५.०४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४८२२०६२४.७६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३२१०८२२२.७ | **चालु खर्च** | २३७७३१६९९.३२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३२६५०५६५ | **पूँजीगत खर्च** | १२९०६७३९४ |
| **राजश्व बाँडफाँट** | ७९५०८३९३.३२ | **वित्तीय/अन्य व्यवस्था** | ९९१७३९२०.३७ |
| **आन्तरिक आय** | ९२७१७४६.०५ | | |
| **अन्य आय** | ९७९१७७८२ | | |
| **कुल आय** | ४५१४५६७०९.०७ | **कुल खर्च** | ४६५९७३०१३.६९ |
| **बाँकी मौज्दात** | | ३३७०४३२०.१४ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- संघबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नभएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।